नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय,
मानवश्रोत व्यवस्थापन विभागको

# Online दरखास्त फारम भर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७५/०१/२१)

श्री लोकसेवा आयोगको सहमति अनुसार यस बैंकमा रिक्त रहेका निम्न पदहरुमा खुला प्रतियोगिताद्धारा स्थायी पदपुर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट मिति २०७५/०१/२१ देखि Online दरखास्त फारम भर्न आह्वान गरिएको छ । बैंकले तोकेको Online फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरु भरी सोको साथ नागरिकता र दरखास्त दिने पदको लागि तोकिएको न्युनतम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र, समावेशी समुहका लागि तोकिएको प्रमाणपत्र, अनुभव चाहिने पदका लागि तोकिएको अनुभवको प्रमाणपत्र र हालसालै खिचेको पासपोर्ट साइजको फोटो Scan/Attach गरी तोकिएको शुल्क तिरी मिति २०७५/०२/१० सम्म Online दरखास्त पेश गर्नुपर्नेछ । म्याद भित्र दाखिला नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुनेछैन । झुट्टा विवरण उल्लेख गरी online दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ ।

| विज्ञापन नं. | पद | तह | समुह | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| २०७४/७५/४९ | सहायक प्रबन्धक | ६ | खुला | ३४ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्युनतम स्नातकोत्तर उत्तिर्ण। |
| २०७४/७५/५० | | | महिला | ९ | |
| २०७४/७५/५१ | | | आ.ज. | ८ | |
| २०७४/७५/५२ | | | मधेशी | ६ | |
| २०७४/७५/५३ | | | दलित | ३ | |
| २०७४/७५/५४ | | | अपाङ्ग | १ | |
| २०७४/७५/५५ | | | पि.क्षे. | १ | |
| २०७४/७५/५६ | सहायक प्रबन्धक (आईटी) | ६ | खुला | ३ | मान्यता प्राप्त संस्थाबाट कम्प्युटर तथा सुचना प्रविधिमा बि.सि.ए. / बि.सि.आई.एस. / बि.आई.टि. / बि.आई.एम / बि.एस्सी. सि.एस.आई.टि. / बि.बि.आई.एस., इन्जिनियरीङ्ग इन कम्प्यूटरमा न्युनतम स्नातक दोश्रो श्रेणी उत्तिर्ण गरी सम्बन्धित क्षेत्रमा १ बर्षको अनुभव । |
| २०७४/७५/५७ | | | महिला | १ | |
| २०७४/७५/५८ | | | दलित | १ | |
| २०७४/७५/५९ | सहायक प्रबन्धक (चाटर्ड एकाउन्टेण्ट) | ६ | खुला | ८ | मान्यता प्राप्त संस्थाबाट सि.ए / ए.सि.सि.ए. उत्तीर्ण । |
| २०७४/७५/६० | | | महिला | २ | |
| २०७४/७५/६१ | | | आ.ज. | २ | |
| २०७४/७५/६२ | | | मधेशी | २ | |
| २०७४/७५/६३ | | | दलित | १ | |
| २०७४/७५/६४ | सहायक प्रबन्धक (इलेट्रीकल इन्जिनियर) | ६ | खुला | १ | मान्यता प्राप्त संस्थाबाट इन्जिनियरीङ्ग इन इलेक्ट्रीकलमा न्यूनतम स्नातक दोश्रो श्रेणी उत्तिर्ण गरी सम्बन्धित क्षेत्रमा १ बर्षको अनुभव । |

**प्रदेशगत विज्ञापन :**

| सेवा गर्नुपर्ने कार्यालय | विज्ञापन नं. | पद | तह | समुह | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| प्रदेश नं. १ अन्तर्गतका शाखा कार्यालयहरु | २०७४/७५/६५ | सहायक | ४ | खुला | २२ | |
| | २०७४/७५/६६ | | | महिला | ६ | |
| | २०७४/७५/६७ | | | आ.ज. | ५ | |
| | २०७४/७५/६८ | | | मधेशी | ४ | |
| | २०७४/७५/६९ | | | दलित | १ | |
| | २०७४/७५/७० | | | अपाङ्ग | १ | |
| | २०७४/७५/७१ | | | पि.क्षे. | १ | |
| प्रदेश नं. २ अन्तर्गतका शाखा कार्यालयहरु | २०७४/७५/७२ | सहायक | ४ | खुला | १५ | |
| | २०७४/७५/७३ | | | महिला | ४ | |
| | २०७४/७५/७४ | | | आ.ज. | ३ | |
| | २०७४/७५/७५ | | | मधेशी | ३ | |
| | २०७४/७५/७६ | | | दलित | १ | |
| | २०७४/७५/७७ | | | अपाङ्ग | १ | |
| | २०७४/७५/७८ | | | पि.क्षे. | १ | |
| प्रदेश नं. ३ अन्तर्गतका शाखा कार्यालयहरु | २०७४/७५/७९ | सहायक | ४ | खुला | २३ | |
| | २०७४/७५/८० | | | महिला | ६ | |
| | २०७४/७५/८१ | | | आ.ज. | ५ | |
| | २०७४/७५/८२ | | | मधेशी | ४ | |
| | २०७४/७५/८३ | | | दलित | २ | |
| | २०७४/७५/८४ | | | अपाङ्ग | १ | |
| | २०७४/७५/८५ | | | पि.क्षे. | १ | |
| प्रदेश नं. ४ अन्तर्गतका शाखा कार्यालयहरु | २०७४/७५/८६ | सहायक | ४ | खुला | १४ | |
| | २०७४/७५/८७ | | | महिला | ४ | |
| | २०७४/७५/८८ | | | आ.ज. | ३ | |
| | २०७४/७५/८९ | | | मधेशी | ३ | |
| | २०७४/७५/९० | | | दलित | १ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्युनतम स्नातक उत्तिर्ण । |
| | २०७४/७५/९१ | | | अपाङ्ग | १ | |
| प्रदेश नं. ५ अन्तर्गतका शाखा कार्यालयहरु | २०७४/७५/९२ | सहायक | ४ | खुला | १९ | |
| | २०७४/७५/९३ | | | महिला | ५ | |
| | २०७४/७५/९४ | | | आ.ज. | ४ | |
| | २०७४/७५/९५ | | | मधेशी | ४ | |
| | २०७४/७५/९६ | | | दलित | १ | |
| | २०७४/७५/९७ | | | अपाङ्ग | १ | |
| | २०७४/७५/९८ | | | पि.क्षे. | १ | |
| प्रदेश नं. ६ अन्तर्गतका शाखा कार्यालयहरु | २०७४/७५/९९ | सहायक | ४ | खुला | ७ | |
| | २०७४/७५/१०० | | | महिला | २ | |
| | २०७४/७५/१०१ | | | आ.ज. | २ | |
| | २०७४/७५/१०२ | | | मधेशी | १ | |
| | २०७४/७५/१०३ | | | दलित | १ | |
| प्रदेश नं. ७ अन्तर्गतका शाखा कार्यालयहरु | २०७४/७५/१०४ | सहायक | ४ | खुला | ७ | |
| | २०७४/७५/१०५ | | | महिला | २ | |
| | २०७४/७५/१०६ | | | आ.ज. | १ | |
| | २०७४/७५/१०७ | | | मधेशी | १ | |
| | २०७४/७५/१०८ | | | दलित | १ | |

(१) समावेशी समूहको लागि छुट्याइएको पदमा देहाय बमोजिम हुने गरी online दरखास्त दिनु पर्नेछ ।

क) आदिवासी /जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो सूचीको आधारमा, तर नेपाल आदिवासी/ जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रुपमा Scan गरी Attach गर्नुपर्नेछ ।

ख) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रुपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रुपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(घ) अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदबाट अपाङ्गता प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रुपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु, र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको तिन महिना ननाघेको प्रमाणपत्र अनिवार्य रुपमा Scan गरी Attach गर्नुपर्नेछ ।

| | |
|---|---|
| (२) सेवाको किसिम : | स्थायी |
| (३) तलव तथा अन्य सुविधा: | बैंकको प्रचलित नियम अनुसार । |
| (४) उम्मेदवारको उमेर: | Online दरखास्त दिने अन्तिम मिति (अर्थात २०७५/०२/१० गते) सम्ममा तह ६ सहायक प्रवन्धक पदका लागि २१ बर्ष पूरा भई ३५ बर्ष ननाघेको । तह ४ सहायक पदका लागि १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको । सबै तहका महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० बर्ष ननाघेको । |
| (५) उम्मेदवारको छनौट विधि: | लिखित तथा अन्तरवार्ता । |
| (६) अन्य सेवा शर्त: | नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६८ बमोजिम । |
| (७) परीक्षणकाल अवधि: | १ वर्ष (महिला कर्मचारीलाई ६ महिना) । |
| (८) परीक्षा शुल्क : | तह ६ सहायक प्रवन्धकको खुला समूहका लागि रू. ८००/– (आठ सय) र उक्त पदको प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रू. २००/– (दुई सय) ।<br>तह ४ सहायकको खुला समूहका लागि रू. ६००/– (छ सय) र उक्त पदको प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रू. १००/– (एक सय) ।<br>(रीत नपुगेको कारण अस्वीकृत हुने आवेदनहरुको परीक्षा शुल्क फिर्ता हुनेछैन ।) |
| (९) परीक्षा शुल्क बुझाउने प्रक्रिया : | Online दरखास्त फाराम Submit गरे पश्चात प्राप्त हुने Application Number अनुरुप बुझाउनु पर्ने परीक्षा शुल्क नेपाल बैंक लिमिटेडको सम्पूर्ण शाखाबाट परीक्षा हिसाव नं. ००२००१००५२२५५९००००१ मा जम्मा गर्न सकिनेछ र सो को भौचर Scan गरी दरखास्तको साथ Attach गर्नुपर्नेछ । Application Number र नाम उल्लेख नगरिएको तथा तोकिए बमोजिमको रकम जम्मा नगरेको Online दरखास्त फाराम रित पूर्वकको नभएको मानिनेछ । |

(१०) उपरोक्त पदहरुको **लिखित परीक्षा लोक सेवा आयोगबाट** संचालन हुनेछ । लिखित परीक्षा कार्यक्रम तथा परीक्षा केन्द्र पछि प्रकाशित गरिनेछ ।

(११) छनौट भई नियुक्ति गरिएका कर्मचारीहरुले बैकले खटाएको जुनसुकै कार्यालय/शाखामा गई काम गर्नुपर्नेछ ।

(१२) तह ४ सहायक पदको लिखित परीक्षामा सफल हुने उम्मेदवारहरुलाई अन्तर्वार्ताको समयमा सम्वन्धित प्रदेश अन्तरगतका शाखाहरुको शाखागत छनौट सूची प्रदान गरिनेछ । उम्मेदवारले प्राथमिकताको आधारमा छनौट गरेका शाखा/कार्यालयहरुमा निजको अन्तिम योग्यताक्रमका आधारमा क्रमश: नियुक्ति गरिनेछ । सुरु नियुक्ति भएको शाखा/कार्यालयमा नेपाल बैंक कर्मचारी सेवा विनियमावलीको विनियम ७ को खण्ड ४ वमोजिम निम्न अवधि वा पदोन्नती नहुँदा सम्म जुन कम हुन्छ सो समय सम्म सेवा गर्नु पर्नेछ ।

- क र ख समुहका शाखा/कार्यालयमा - न्युनतम ५ वर्ष
- ग समुहका शाखा/कार्यालयमा - न्युनतम ६ वर्ष
- घ र ङ समुहका शाखा/कार्यालयमा - न्युनतम ७ वर्ष

(१३) एक भन्दा बढी विज्ञापनमा Online दरखास्त फाराम भर्दा अलग अलग Application Number प्राप्त हुने हुनाले रकम जम्मा गर्दा समेत अलग अलग भौचरमा Application Number र नाम उल्लेख गरी जम्मा गर्नुपर्नेछ ।

(१४) दरखास्त फाराम भर्न नेपाल बैंक लिमिटेडको Website: www.nbl.com.np को Career मा गई त्यहाँ राखिएको निर्देशन अनुसार भर्न सकिनेछ ।

(१५) लिखित परीक्षाको पाठ्यक्रम नेपाल बैंक लिमिटेडको Website: www.nbl.com.np को Career मा राखिएको छ ।

(१६) आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार बैंकलाई हुनेछ । आवेदन स्वीकृत भएका उम्मेदवारहरुलाई मात्र परीक्षामा सामेल गराईनेछ ।

(१७) दरखास्त सम्बन्धी कुनै जानकारी लिनु परेमा नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, मानवश्रोत व्यवस्थापन विभागको email: exam.hrd@nbl.com.np तथा फोन नम्बर ०१४२२११८५ एक्सटेन्सन नं. ४०६ र २३८ मा सम्पर्क राख्न सकिनेछ ।

(१८) तह ४ सहायक पदको हकमा उम्मेदवारले आफुले चाहेको कुनै एक प्रदेशमा मात्र दरखास्त पेश गर्नुपर्नेछ ।

(१९) तह ४ सहायक पदको लिखित परीक्षा एकै मिति र समयमा सञ्चालन हुनेछ ।

पदपूर्ति समिति
नेपाल बैंक लिमिटेड